# हिमालय टाइम्स

नेपाली राष्ट्रिय दैनिक

www.ehimalayatimes.com @ehimalayatimes @himalaya_times

वर्ष ३०, अंक ८७ काठमाडौं | २०८१ चैत ९ शनिबार | चैत्र कृष्णपक्ष, अष्टमी नेपाल संवत् ११४५ | HIMALAYA TIMES | Saturday 22 March 2025 | पृष्ठ ८ | मूल्य रु ५।-


पानी जीवनको आधार हो त्यसैले पानी जोगाऔं, जीवन बचाऔं

'विश्व पानी दिवस-२०२५ विशेष

भित्री पृष्ठमा ।

**गणतन्त्रको मियो हल्लिएको हो र !**

• डा.गणेशप्रसाद घिमिरे

सामान्य रुपमा आएको परिवर्तन थिएन यो। यो परिवर्तनका लागि पुग–नपुग अठार हजार नेपालीको रगत बगेको छ। त्यो रगतको टाटो नसुक्दै यो व्यवस्थाप्रतिको वितृष्णा नेपालीमा जाग्नुलाई नेपालका शासकले गम्भीर रुपमा लिन सकेनन् भने व्यवस्था नै जानसक्ने खतरालाई नेपालका शासक र गणतन्त्रवादीले बुझ्नुपर्ने अवस्था देखिएको छ।

पृष्ठ ४

## पर्यटक पर्खिरहेको गिरानचौर

**दमौली/रासस ।** पृथ्वी राजमार्गको बरादीबाट करिब २० मिनेट सवारी साधनको यात्रा तय गरेपछि पुगिन्छ आँबुखैरेनी-१ स्थित पर्यटकीय गाउँ गिरानचौर । ढुंगा छापेर चिटिक्क पारिएको बस्ती । परम्परागत घरले यहाँ पुग्ने जोकोहीलाई आकर्षित गरिहाल्छ । गिरानचौरलाई पर्यटकीय गन्तव्यस्थल बनाउँदै आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न स्थानीय कस्सिएका छन् । गाउँपालिकाले यस ठाउँलाई पर्यटकीय नमुना गाउँ घोषणा गरेपछि स्थानीयवासी यस ठाउँमा पर्यटक भित्र्याउन लागिपरेका हुन् ।

गाउँपालिकाको सहयोग र प्रेरणाले आफूहरू यस ठाउँमा घरबास सञ्चालन गर्ने प्रयासमा जुटेको स्थानीय ओममाया गुरुङले बताउनुभयो । उहाँले भन्नुभयो, ' गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले हामीलाई यस ठाउँमा होमस्टे सञ्चालनका लागि उत्प्रेरित गर्नुभयो । हामी स्थानीय अहिले यसमा लागेका छौं ।' उहाँका अनुसार हाल यस ठाउँमा २० घरमा होमस्टे सञ्चालन गरिएको छ भने यसलाई विस्तार गर्ने लक्ष्य राखिएको छ ।

होमस्टे सञ्चालनका बारेमा आफूहरूलाई कुनै जानकारी नभएको र गाउँपालिकाले नै सिकाएपछि अहिले यसतर्फ अगाडि बढेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, 'गाउँपालिकाका अध्यक्षले सधैं हामीलाई पैसा कमाउनुपर्‍यो भन्नुहुन्थ्यो, हामीले कसरी चलाउने, हामीलाई त आउँदैन भन्यौं । उहाँहरूले सिकाउनुभयो, पाहुना पनि पठाउन थाल्नुभयो ।' केही समयअगाडि मात्रै विद्यालयका एक सयजना शिक्षकहरू यहाँ बास बसेर गएको उहाँले जानकारी दिनुभयो । त्यस्तै, कलाकार भटभटे माइला, बल्छी धुर्वेलगायत नामले परिचित कलाकारहरूसमेत यहाँ आइसकेको उहाँको भनाइ छ । यहाँ आउने पाहुनालाई लोकल कुखुरा, गाउँमै उत्पादित आलुको परिकार, गुन्द्रुक, भट्ट, कोदोको रोटी खुवाउने गरिएको छ । त्यस्तै, रातीको समयमा चुड्का नाच प्रस्तुत गर्ने गरिएको उहाँले जानकारी दिनुभयो ।

पारिवारिक वातावरणको प्रत्याभूति दिने गरी पाहुनाको स्वागत गर्ने गरेको स्थानीय नरेश गुरुङले जानकारी दिनुभयो । आफू डकर्मीको काममा समेत संलग्न रहेको बताउँदै उहाँले होमस्टे सञ्चालनका लागि आमा र श्रीमतीले सघाइरहेको उल्लेख गर्नुभयो । हालसम्म यस ठाउँमा तीन सयभन्दा बढीले रात बिताइसकेका छन् ।

आँबुखैरेनी गाउँपालिकाले यस ठाउँलाई नमुना पर्यटकीय गाउँका रूपमा विकास गर्न खोजेको गाउँपालिकाका अध्यक्ष चुमानले बताउनुभयो । गुरुङ बस्ती गिरानचौरमा ६० घरधुरी रहेकामा सबै घरमा होमस्टे सञ्चालनको लक्ष्य छ । उहाँका अनुसार यस ठाउँलाई पर्यटकीय गाउँ बनाउन ४० लाख बजेट विनियोजन गरिएको छ । उहाँले भन्नुभयो, 'स्थानीयलाई आयआर्जनमा जोडेर आत्मनिर्भर बनाउने लक्ष्य हो ।'


स्थानीय सरकार

**हेलम्बु गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**हेलम्बु, सिन्धुपाल्चोक**

**बागमती प्रदेश, नेपाल**

**वोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८१/१२/०९**

यस हेलम्बु गाउँपालिकाको मिति: २०८१ माघ १३ गते राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार देहायका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | ठेक्का नं: | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु (भ्याट र P.S. समेत) |
|---|---|---|---|
| 1 | HRM/WORKS/NCB/ 2081/082-12 | Kedar/Shubharambha JV, Panchokhari Thangpal RM-1 Sindhupalchok, Nepal | 1,48,77,989.54 |

**प्रमुख प्रशासकीय अधिकृत**